निर्वाचन प्रणाली र मतदान प्रक्रिया

सम्बन्धी

# अध्ययन प्रतिवेदन, २०६८

<u>प्रस्तुत</u>

निर्वाचन आयोग

बहादुरभवन, काठमाडौं ।


<u>प्रस्तुतकर्ता:</u>

अधिवक्ता डा. चन्द्र कान्त ज्ञवाली

परामर्शदाता

# विषय सुचि

## निर्बाचन प्रणाली र मतदान प्रकिया

पृष्ठ

### परिच्छेदः १

### निर्बाचन प्रणाली र मतदान प्रकियाको अर्थ, परिभाषा, किसिम, महत्व, विकास, राज्य, सरकार र सँविधानको सम्बन्ध र तादात्म्यता तथा नितिगत एवँ सँस्थागत व्यवस्था


१.१. निर्बाचन प्रणालीको अर्थ (Meaning of Electoral System) ६

१.२ मतदान प्रकियाको अर्थ (Meaning of Voting Process ) ७

१.३ निर्बाचन प्रणालीको परिभाषा (Definition of Electoral System) ८

१.४ निर्बाचन प्रणालीको किसिम (Types of Electoral System) ९

१.५. निर्बाचन प्रणालीको महत्व (Importance of Electoral System) ११

१.६ निर्बाचन प्रणालीको बिकास.(Development of Electoral System) ११

१.७) राज्य, सरकार र सँविधानको सम्बन्ध र तादात्म्यता तथा नीतिगत एवँ सँस्थागत व्यवस्था १३
( Relationship and Consistency between State, Government, Constitution, Policy and Institutional Arrangements )


### परिच्छेदः २:

### बिभिन्न निर्बाचन प्रणाली , फाइदा,बेफाइदा तथा प्रणालीगत रुपमा मतदाताको स्थान,भुमिका,अधिकार र कर्तब्य


२.१ बढीमत/बहुमत प्रणाली (Pulurality/Majority Voting System) १५

२.२ समानुपातिक प्रतिनिधित्वको प्रणाली (Proportional Representation System) २०

२.३ समानुपातिक प्रतिनिधित्वको तरिका (Methods of Proportional Representation) २२

२.४ अर्ध-समानुपातिक पद्धती (Semi-Proportional System) २७

२.५ गैर- समानुपातिक बहुसीट प्रणाली (Non-Proportional Multiseat System) २९

२,६ प्रणालीगत रुपमा मतदाताको स्थान ,भुमिका ,अधिकार र कर्तव्य ३२

**परिच्छेद ३:**

**नेपालमा हालसम्म अपनाइएका निर्बाचन प्रणालीहरु, सँवैधानिक, कानुनि र सँस्थागत व्यबस्था**

३.१ नेपालका विगतका संवैधानिक तथा कानुनि प्रावधानहरु र निर्बाचन प्रणालीहरु, ३४

३.२ निर्वाचन क्षेत्र निर्धारण आयोग र सिफारिस ३७

**परिच्छेद ४:**

**सँविधानसभाको निर्वाचन र मतदान प्रकियाको बारेमा अभिलेख योग्य तथ्य र तथ्याँकहरुको बिवरण**

४.१.सँविधानसभाको निर्वाचनको बारेमा अभिलेखयोग्य तथ्य र तथ्याँकहरुको बिवरण ४३

**परिच्छेद ५:**

**मतदान प्रकियाको सिलसिलेवार बिस्तृत बिवरण तथा मतदानका बिभिन्न तथ्य र तथ्याँकहरु** ४७

**परिच्छेद ६**

**सबिधानसभाका समितिका प्रतिवेदनहरुमा निर्वाचन प्रणाली** ५२

**परिच्छेद ७**

**निष्कर्ष तथा सुझावहरु** ५४

**परिच्छेद ८**

**प्रश्न उत्तर** ५८

**सन्दर्भ सामग्रीहरू** ९८

**अनुसुचिहरु** ९९..१०३

## सार (Abstract)

निर्वाचन प्रणाली लोकतान्त्रिक सरकारको महत्वपुर्ण बिधा हो । निर्वाचन मार्फत मात्र जनताको सार्वभौम एवं राजकियशक्ती उनिहरुका प्रतिनिधिहरुमा हस्तान्तरण हुन जान्छ । निर्बाचनले राज्य र सरकारको सँबैधानिक र राजनितिक बैधता पुष्टि गर्दछ ।

निर्वाचन प्रणालीले भने राजनितिक दल वा उम्मेदवारले प्राप्त गरेको मतलाइ राजनितिक दलहरुले प्राप्त गर्ने स्थानमा परिणत गर्दछ । यसले मतदाताको प्राथमिकता र चाहनाहरुलाइ निर्बाचनमा खसेको मतका आधारमा दलहरुले हासिल गरेका सिट सँख्याले निर्धारण गर्दछ । प्रतिनिधिमुलक राजनितिक प्रणालीको बिकासको मार्ग प्रसस्त गर्ने काम पनि निर्बाचन प्रणालीले गर्दछ । निर्बाचन प्रणालीसँगै लोकतान्त्रिक सँबिधान त्यो पनि संविधानवादमा आधारित सँबिधान हुनुपर्ने मान्यता अगाडी देखापर्दछ । संविधानबादमा राज्य आफ्नो नियम कानूनअनुसार चल्नु पर्दछ । यसले मूलतः कानूनभित्र अधिकार, न्याय, स्वतन्त्रता, समानता र भ्रातृत्वलाई राख्नुपर्दछ भन्ने मान्यता रहन्छ । संविधान आफैमा साध्य नभै साधन हो, सोही साधनबाट जनताको शान्ति, सुरक्षा र स्वतन्त्रताको रक्षा हुन्छ । संविधानवादभित्र कानूनको शासन हुनु पर्दछ, जहाँ बहुदलबाद समाज हुन्छ, त्यहाँ सबैको इच्छाको कदर हुन्छ । जुन इच्छा लोकतान्त्रिक निर्वाचन प्रणाली मार्फत मुखरित हुन्छ ।

जब हामि लोकतन्त्रका बारेमा कुरा गर्छौ, खासगरी त्यसको अर्थ प्रतिनिधिमुलक लोकतन्त्र नै हो । यसले जनताको राजनितिक बैधता प्राप्त गर्दछ । जुन बैधता निर्वाचनको प्रक्रियाबाट मात्र व्यक्त गर्न सकिन्छ । लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य मानिन्छ । आधुनिक लोकतन्त्रमा मात्र बालिगमताधिकार सुनिश्चितता गरिएको हुन्छ । राज्यको काम कारवाहीमा सबै जनता सहभागी हुन नसक्ने हुँदा उनीहरुको सहभागितालाई वैधानिकता प्रदान गर्न मतदानको अधिकार (Right to Vote) सुनिश्चित गरिने गर्दछ । लोकतन्त्रमा राजनीतिक बहुमत र अल्पमत समेतको कुरा गर्ने गरिन्छ, जहाँ अल्पमतको कुरा गरिन्छ,,त्याहाँ उनीहरुको जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता दिलाइने कार्य समेत निर्वाचन प्रणालीले गर्दछ ।

बास्तबमा निर्बाचन भनेको जनताका प्रतिनिधिहरु जनताको मतद्धारा छानिने प्रकियालाइ भन्ने गरिन्छ । (Elections are the democratic method of choosing representatives of the people) जुनसुकै तहको निर्वाचन किन नहोस, कुनैपनि पद्धतिको माध्यमलाइ आधारमानि मतदान प्रकियाबाट सम्पन्न गरि जनताको प्रतिनिधित्व सुनिश्चित गर्ने माध्यम नै निर्बाचन प्रणाली हो । निर्बाचनको प्रकिया प्रत्यक्ष तथा अप्रत्यक्ष पद्धतिद्धारा गर्न सकिन्छ । मतदाताद्धारा प्रत्यक्ष प्रतिनिधि छानिने प्रक्रियालाई प्रत्यक्ष निर्वाचन जसलाई प्रत्यक्ष लोकतन्त्र भन्ने गरिन्छ भने जनताका प्रतिनिधिद्धारा छानिने निर्बाचन प्रकियालाइ अप्रत्यक्ष निर्बाचन पद्धती जसलाई अप्रत्यक्ष लोकतन्त्र पनि भन्ने गरिन्छ । निर्बाचन स्वच्छ, स्वतन्त्र र विश्वसनीय हुनुपर्दछ । डर त्रार भय, बुथ कब्जा लोकतन्त्रका विपरित कुरा हुन । आवधिक निर्वाचन र वालिग मताधिकारका माध्यमबाट मतदानको अधिकार, निर्वाचित हुने अधिकार, सरकार र राज्य संचालनमा सहभागी हुने अधिकार, राज्यको सार्वजनिक सेवामा भाग लिन पाउने पहुँचयुक्त अधिकार निर्बाचन प्रणाली मार्फत पुरा हुन्छ ।

तसर्थ सार्वभौम जनताले आ□नो शासन आफै गर्ने भएकाले लोकतन्त्रमा निर्वाचनको महत्व अधिक रहेको हुन्छ । आफूमाथि शासन गर्ने प्रतिनिधि आफैले रोज्ने प्रक्रिया नै निर्वाचन प्रक्रियामार्फत हुने गर्दछ । त्यसैगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ र नागरिक तथा राजनितिक अधिकारको महासन्धिको धारा २५ ले पनि मतदानको अधिकार र मतदान मार्फत सरकारको चयनसमेतलाई मानव अधिकारको रूपमा स्वीकार गरेको छ । निर्वाचन प्रणालीको महत्त्वका सम्बन्धमा फिलिपिन्सका पूर्व राष्ट्रपति फिडेल रामोसले एक पटक भनेका थिए "सरकारहरु आउन, जान सक्छन, तर जनता जहाँ त्यहीं रहन्छन् । जनताको सर्वोच्चता त्यहाँ हुन्छ,, जहाँ स्वतन्त्र र प्रभावकारी निर्वाचन प्रणाली अपनाइन्छ । त्यसैले स्वतन्त्र, निष्पक्ष निर्वाचन गर्नु नै जनताको उच्च सम्मान हो र महत्व पनि यसैमा रहेको हुन्छ ।